# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## लम्कीचुहा नगरपालिका

### कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## लम्कीचुहा नगरपालिका

## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## लम्कीचुहा नगरपालिका

कैलाली

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५१९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
लम्किचुहा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले लम्किचुहा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. १४ करोड ११ लाख १० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड १७ लाख ८० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ९० लाख ३७ हजार, नियमित गर्नुपर्ने रु. ६ करोड ३ लाख ८९ हजार र पेश्की रू. १ करोड ९९ लाख ४ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २८ करोड ९६ लाख ५६ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ४३ करोड ७ लाख ६६ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

लम्किचुहा नगरपालिका, कैलाली

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८५ | २७२ | १४१११० | ० | ० | ० | ८५ | २७२ | १४१११० | ११७८० | ६०३८९ | ४९०३७ | ० | ० | १०९४२६ | १९९०४ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| लम्किचुहा नगरपालिका, कैलाली | २८९६५६ | ० | ० | २८९६५६ | ० | १४१११० | ४३०७६६ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : लम्किचुहा नगरपालिका, कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शेर बहादुर बुढा | २०७९-९-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | झनक प्रसाद न्यौपाने | २०७९-९-१६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १४१,११०,२७६.७७ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७,०२,१०,६४६.१५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ६५,४९,६१,००० | **चालु खर्च** | ५४,१३,९६,९०७.६१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,०१,२३,९०० | **पूँजीगत खर्च** | ३२,०४,५६,१७३.३२ |
| **राजश्व बाँडफाँट** | १८,१९,३३,५९९.०३ | **वित्तीय/अन्य व्यवस्था** | ३०,४९,७०,४७२ |
| **आन्तरिक आय** | ५,२५,९९,६०६.२६ | | |
| **अन्य आय** | ३२,९३,८४,५८१ | | |
| **कुल आय** | १,२६,९०,०२,६८६.२९ | **कुल खर्च** | १,१६,६८,२३,५५२.९३ |
| **बाँकी मौज्दात** | | १७,२३,८९,७७९.५१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १० वडा २१४ वर्ग किलोमिटर क्षेत्रफल तथा ६९००० जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०७९।९।१९ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्ः</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असूली<br><br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. १६९,९७५ असुली भई सञ्चित कोष दाखिला भएको छ ।<br><br>
<table>
<tr><th>कार्यक्रम/ब.उ.शी.नं.</th><th>बापत</th><th>रकम रु.</th><th>मिति</th><th>दाखिला भएको बैङ्क</th></tr>
<tr><td>आशा चौधरी</td><td>बेरुजु दाखिला</td><td>२५००</td><td>२०७९।९।१४</td><td>राष्ट्रिय वाणिज्य बैङ्क, लम्कि</td></tr>
<tr><td>आन्तरि राजश्व दाखिला</td><td>ढुङ्गा, गिटी</td><td>४७५</td><td>२०७९।९।१९</td><td>राष्ट्रिय वाणिज्य बैङ्क, लम्कि</td></tr>
<tr><td>आन्तरि राजश्व दाखिला</td><td></td><td>१६७०००</td><td>२०७९।९।१९</td><td>राष्ट्रिय वाणिज्य बैङ्क, लम्कि</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा \| \| १,६९,९७५ \| \| | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागु गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई अर्धबार्षिक रुपमा मात्र कर दाखिला गर्ने गरेको पाइयो,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,<br>• कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा सो गरेको पाइएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भए तापनि यस पालिकाले सार्वजनिक खरिद नियमावली र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बनाइ लागू गरेको देखिएन,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समितिहरु दर्ता गरी व्यवस्थित गर्नुपर्नेमा सो गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो गरेको पाइएन,<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,<br>• बेरुजु फछ्र्यौंट कार्यदल बनाएर कार्यान्वयन गरेको पाइएन,<br>• स्थानीय सार्वजनिक लेखा समिति गठन गरी बेरुजु फछ्र्यौंटको कार्यदल बनाएर कार्यान्वयन गर्ने गरेको भेटिएन,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कार्य विवरण वनाई लागू गरेको पाईएन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>५.१</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.२</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार वडाको लागि वडागत र पालिकास्तरका गरी कुल २३९योजनामा वजेट विनियोजन गरेको छ।
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>योजना सङ्ख्या</th><th>रु.२० लाखमाथिका योजना सङ्ख्या</th><th>रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या</th><th>रु.५लाख भन्दा कमका योजना सङ्ख्या</th></tr>
<tr><td>१.</td><td>पालिकास्तरीय</td><td>२३९</td><td>३६</td><td>९४</td><td>५९</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>८,०१,९४,०००।००</td><td>५,४९,२०,४६५।५०</td><td>६.७६</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>३५५३,,३३,०००।००</td><td>२२७८,,३७२३४।८२</td><td>२८.०६</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>५६,०२,९५,०००।००</td><td>३५,,६२,९१,६२५।२२</td><td>४३.८९</td></tr>
<tr><td>संस्थागत बिकास सेवा प्रवाह र सुशासन</td><td>७४५४,,०००।००</td><td>६४,३८,०१३।००</td><td>०.७९</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१७,७१,८६,०००।००</td><td>१६,६२,३३,२२४।७४</td><td>२०.४७</td></tr>
<tr><td>जम्मा</td><td>१,१८०४,,६२,०००।००</td><td>८१,१७,२०,५६२।२८</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४३.८९ प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ०.७९ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>योजना र कार्यान्वयन–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष छनौट भई संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्ः
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th></tr>
<tr><td>१</td><td>रु १ लाखभन्दा कमको योजना</td><td>३०</td></tr>
<tr><td>२</td><td>रु १ लाखएक देखि २ सम्मका योजना</td><td>२९</td></tr>
<tr><td>३</td><td>रु २लाखएक देखि ५ लाख सम्मका योजना</td><td>८४</td></tr>
<tr><td>४</td><td>रु ५ लाखदेखि १० लाख सम्मका योजना</td><td>१०</td></tr>
<tr><td>५</td><td>दश लाख एकदेखि माथिका योजना</td><td>३६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३९</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च-आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७को को नियम ३५मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>सि. नं.</th><th></th><th>कुल खर्च</th><th>चौमासिक खर्च (रु.हजारमा)</th><th>अषाढको खर्च</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>पूँजीगत खर्च शीर्षक</td><td></td><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेसोचौमासिक</td><td></td></tr><tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>३२,०४,५६</td><td>४,०३,१४</td><td>१०,०७,४५</td><td>१७,९३,९७</td><td>६,५९,७३,</td></tr><tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>१२.५८</td><td>३१.४३</td><td>५५.९८</td><td>२०.५८</td></tr></table> वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ५५।९८ प्रतिशत र अषाढ महिनामा २०।५८ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो। | |
| ५.६ | | | **खर्च बिश्लेषण**– पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ५,२५,९९,६०६।६७राजस्व बाँडफाँड र अनुदानबाट रू ८८,६७,१८,४९८।७७ समेत रु ९३,९६,१८,१०५।४४ आम्दानी भएकोमा चालु तर्फ रु ४९,८२,६४,३८८।९५र पूँजिगत तर्फ रु ३,२,०४,५६,१७३।३२ समेत रु ८११७,२०,,५६२।२८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६।४८ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु १,०८,९४,५००।०० खर्च भएको छ जुन आन्तरिक आय २०.७१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६१.३८प्रतिशत चालु र ३८.६१ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ । | |
| ६ | | | **बित्तिय बिवरण परीक्षण** | |
| ६.१ | | | **वित्तीय प्रतिवेदन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ।७६ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ६.३ | | | **सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २,४५,९७,९२७।५३ पुँजीगत खातामा रु.३,४६,४२,५०१।४६ आन्तरिक राजस्व खातामा रु ६९,७५,७०२।५५राजस्व बाँडफाँड खातामा रु५,४५,३५,०५७।०० समेत रु. १२,०७,५१,१८८।५४ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ । | |
| ६.४ | | | **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु ६,५५,०६,६३९।०० मौज्दात रहेकोमा यो वर्ष रु ७,०२,१०,६४६।१५जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ४७,०४,००७।१५ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ । | |
| ६.५ | | | **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ७०२१०६३६।१५ यस वर्षको प्राप्ति रु ९६४०३२२१४।४४ यस वर्षको भुक्तानी रु ८६१८५३०८१।०८ र बैङ्क मौज्दात रु १६२३८९७७९।५१ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।<br><table><tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th><th></th></tr><tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>७,०२,१०,६३६।१५</td><td>९६,४०,३२,२१४।४४</td><td>८६,१८,५३,०८१।०८</td><td>१६,२३,८९,७७९।५१</td><td></td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>७,०२,१०,६३६।१५</td><td>१,२६,९०,०२,६८६.</td><td>१,१६,६८,२३,५५३।८१</td><td>१६,२३,८९,७७९।५१</td><td></td></tr>
<tr><td>फरक</td><td>००</td><td>३०,४९,७०,४७२।७३</td><td>३०,४९,७०,४७२।७३</td><td>००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६.६</td><td></td><td></td><td>बैङ्क हिसाब विवरण-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| आन्तरिक राजस्व खाता | ० | ६९,७५,७०२।५५ | |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ५,४५,३५,०५७।०० | |
| ग१.१, आन्तरिक अनुदान खाता | ० | ६,१८,५९,५००।०० | |
| चालु खर्च खाता | ० | २,४५,९७,९२७।५३ | |
| पुँजीगत खर्च खाता | ० | ३,४६,४२,५०१।४६ | |
| स्थानिय धरौटी खाता | १,२०,९२,८५२।२७ | १५,१६,०६३।२७ | |
| स्थानिय धरौटी खाता | (६२६३००) | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बिबिध खाता</td><td>२२,५८,४५०।०२</td><td>७७,९७,२४७।००</td><td></td></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>२,४०,४०,३२४।००</td><td></td><td></td></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>१३,०३,९७,३२२।९९</td><td>५५,०४,२१४।८१</td><td></td></tr>
<tr><td>स्थानीय बिबिध खर्च खाता</td><td>३०,३७,३७२।०३</td><td>३०,३७,३७२।०३</td><td></td></tr>
<tr><td>प्रकोप व्यवस्थापन खाता</td><td>११,८९,७५८।२०</td><td>१,९१,००,८०६।००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१७,२३,८९,७७९।५१</td><td>२२,९५,६६,३९१।६५</td><td>५,७१,७६,६१२।१४</td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.७</td><td></td><td></td><td>कट्टी रकम दाखिला नभएको : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व कार्यबिधि ऐन, २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाकी रहेको रू ८,०५,२९९।०० संघिय संचित कोष दाखिला गरेको देखिएन । अतः कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रु</td><td>८०५,२९९</td></tr>
<tr><td>६.८</td><td></td><td></td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालुतर्फ ५०९मध्य १२९ मा शुन्य प्रगती र पुजिगततर्फ १९१मध्य ४७ कार्यक्रममा शुन्य प्रगति देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.९ | | | **रकमान्तरः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । नगरपालिकाकाको बिनियोजन ऐन २०७७ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू ५ करोड ०३ लाख ७६ हजार अर्थात कुल बजेट रू ९६ करोड.४० लाख ३२ दहजारको. ५।२२ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| ७ | | | **न्यायिक समितिको कार्यसम्पादनको अवस्थाः**<br><br>यस नगरपालिकाको न्यायिक समितिले हालसम्म २११ वटा उजुरी दर्ता भएकोमा १५ वटा उजुरीको मेलमिलाप गरेको पाईन्छ । आ.व. २०७८।७९ मा ३१ वटा उजुरी दर्ता भएकोमा २ वटा उजुरीहरुको मेलमिलाप भएको देखिन्छ । न्यायिक इजलासको समेत व्यवस्था रहेको यस पालिकाको न्यायिक समितिले आ.व. २०७८।७९ मा ६.४५ प्रतिशत मात्र मेलमिलाप भएको देखिन्छ । यसले गर्दा स्थानीय तहबाट नागरिकको घर आँगनमा नै न्यायिक अधिकार प्राप्त गरेको अनुभूति हुन सक्दैन । | |
| ८ | | | **अनुदान फिर्ता**<br><br>ससर्त अनुदान फिर्ता - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. १२,६८,७४,७७४।८७ देखाएकोमा पालिकाले अषाढ मसान्त पछी मिति २०७९।४।५ फिर्ता गरेको देखिएको देखिन्छ पालिकाले समयमा नै फिर्ता गर्नतर्फ ध्यान दिनु पर्दछ । | |
| ९ | | | **विद्यालय अनुगमन र प्रतिवेदन**<br><br>स्थानीय तह सञ्चालन ऐन २०७४ ले माध्यामिक तहसम्मको शिक्षाको अनुगमन, मुल्याङ्कन र नियमन लगायतका व्यवस्थापीय कार्यहरु गर्ने अधिकार स्थानीय तहलाई दिईएको छ। सम्बन्धित पालिकाले सार्वजनिक तथा निजी विद्यालयको अनुगमन, नियमन व्यवस्था, विद्यालयगत अभिलेख, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सम्बन्धी कार्यहरु गर्नुपर्ने हुन्छ। पालिकाले विद्यालय अनुगमन तथा शैक्षिक गुणस्तरको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मापन मापदण्ड निर्धारण गरेको छैन्। अतः पालिकाले अनुगमन र गुणस्तर मापनको मापदण्ड बनाई सोहि बमोजिम अनुगमन गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) बमोजिम स्थानीय तहले कानून बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने तथा सोही दफाको उपदफा ३ बमोजिम लेखापरीक्षणले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरीक्षण शाखा भएतापिन जनशक्तिको व्यवस्था गरी आन्तरिक लेखापरीक्षण गराएको पाइएन । यसले पालिकाले आन्तरिक नियन्त्रण तथा समग्र सेवा प्रवाहमा प्रभावकारिता कायम हुन सक्दैन । कानूनमा भएको व्यवस्था बमोजिम आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>सम्पत्ति व्यवस्थापनतर्फ</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>जिन्सी निरीक्षण प्रतिवेदनः आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४,५,६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको मर्मत, लिलाम र मिन्हा गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार देहाय बमोजिम मर्मत, लिलाम र मिन्हा समेत गर्नुपर्ने देखिन्छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत, लिलाम र मिन्हा समेत गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत, लिलाम र मिन्हा गरी कार्यालयले पाम्समा जिन्सी अद्यावधिक गर्नु पर्दछ । कार्यालयले पेश गरेको प्रतिवदेनमा चालु आर्थिक वर्षमा खरिद गरेको सवारी साधन वा मालसमानको जिन्सीमा स्पेसिफिकेसन समेत उल्लेख गरी अद्यावधिक गरेको पाइएन ।
<table>
<tr><th>विवरण</th><th>जिन्सी सामाग्री प्रयोगमा नरहेका</th><th>प्रयोगमा नरहेका मध्ये मर्मत गर्न सक्ने</th><th>प्रयोगमा नरहेका मध्ये लिलाम वा बिक्री गर्नुपर्ने</th><th>प्रयोगमा नरहेका मध्ये मिन्हा गर्नुपर्ने</th><th>कैफियत</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>पालिकाको एकीकृत विवरण</td><td>२१ किसिमका ३२० वटा सामाग्रीहरु</td><td>१७ किसिमका १३५ वटा सामाग्री</td><td>१० किसिमका १६७ वटा सामाग्री</td><td>१ किसिमका १८ वटा सामाग्री</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>जिन्सी लगत खाताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन।</td><td></td></tr>
<tr><td>११.३</td><td></td><td></td><td>सार्वजनिक सम्पत्तिको अभिलेखः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.४</td><td></td><td></td><td>कोषहरुः आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ (१) ले कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गतका रहेका प्रकोप व्यवस्थापन कोष, विविध कोष, कर्मचारी कल्याण कोष र धरौटी कोष गरी ४ वटा कोषहरुको विवरण अद्यावधिक छ । कोषहरुतर्फ आय प्राप्तिको उपयोग सन्तोषजनक छैन् ।</td><td></td></tr>
<tr><td>११.५</td><td></td><td></td><td>सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोरअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनु र अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.६</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |
| ११.७ | | | **वडा कार्यालयबाट सामाग्री खरिदः** पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । नगरपालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अध्याविध हुन सक्दैन् । अतः वडा कार्यालय मार्फत् हुने खरिदलाई पनि पाम्समा एकीकृत रुपमा आवद्ध गरी मात्र खरिद गर्नु पर्दछ । | |
| १२ | | | **आर्थिक सहायता तथा विविधतर्फ** | |
| १२.१ | | | **खाना तथा विविध खर्चः** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. ३५,००,००० खर्च गरेको छ। त्यस्तै विविध खर्चमध्ये सभा सञ्चालन कार्यमा मात्र रु. ८,६४,८५८ मात्र खर्च गरेको छ । यस्तो खर्च औचित्यको आधारमा गर्नु पर्दछ। | |
| १२.२ | | | **आर्थिक सहायताः-** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ । पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न १६५ जनालाई रु. ३,००० देखि रु. १,२८,००० सम्म गरी रु. २७,८४,७५० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५,२५,९९,६०६.२६ को ५.२९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| १३ | | | **सेवा प्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ५८४४ |
| मृत्युदर्ता | ९५४ |
| बसाईसराई दर्ता | ४६५६ |
| विवाह दर्ता | २०७२ |
| सम्बन्धविच्छेद दर्ता | २५ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | २३ |
| कालोपत्रे सडक मर्मत | |
| ग्राभेल सडक निर्माण | १२ |
| ग्राभेल सडक मर्मत | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>कोभिडतर्फ<br><br>कोभिड आय र व्ययः पालिकाको गत वर्षको बाँकी मौज्दात नभएको र अन्य स्रोतबाटबाट रु. १३,५५,९९५ आम्दानी गरेकोमा उक्त आम्दानीमध्ये औषधी एंवं स्वास्थ्य उपकरणमा रु. ७,१२,७५३ तथा जोखिम भत्तामा रु. ६,४३,२४२ खर्च गरेको छ । जोखिम भत्ता वितरण सम्बन्धी कार्यविधि नभएकोले उक्त भत्ता वितरण पारदर्शी छैन् ।
<table>
<tr><th>आम्दानी स्रोत</th><th>रकम रु.</th><th>खर्च शिर्षक</th><th>रकम रु.</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td></td><td>राहत वितरण</td><td></td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटवाट</td><td></td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td></td></tr>
<tr><td>संघीय कोभिड कोषवाट</td><td></td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>७१२७५३</td></tr>
<tr><td>प्रदेश कोभिड कोषवाट</td><td></td><td>आइसोलेसन केन्द्र निर्माण</td><td></td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>१३५५९९५</td><td>खोप कार्यक्रम खर्च</td><td></td></tr>
<tr><td></td><td></td><td>जोखिम भत्ता</td><td>६४३२४२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१३,५५,९९५</td><td></td><td>१३,५५,९९५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोषतर्फ</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>विपद् व्यवस्थापन कोषः– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको रु. ६७,७५,५०८ मौज्दात रहेकोमा यो वर्ष रु. २,३८,४८,४७० थप गरी जम्मा रु. ३,०६,२३,९७८ मध्ये रु. ३,००,५४,४६४.८० खर्च गरी रु. ११,८९,७५८.२० बाँकी रहेको देखिन्छ । आफ्नै कार्यविधि बनाई यो वर्ष खर्च गरेकोमा ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन खर्चः पालिकाबाट बिभिन्न वडाका लागि राहत तथा अन्य खर्चको लागि रु. ३,००,५४,४६४.८० को कार्यविधि बेगर खर्च गरेको पाइयो । यस्तो खर्च कार्यविधि बनाई खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.३</td><td></td><td></td><td>समिति गठनः- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको र समिति गठन भएतापनि प्रभावकारी रुपमा कार्य गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.४</td><td></td><td></td><td>कार्य योजनाः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली,२०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ । | |
| १५.५ | | | **वार्षिक प्रतिवेदनः**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ । | |
| १६ | | | **खरदि व्यवस्थापन**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था बमोजिम खरिद नियमावली तयार गरी लागू गर्नको लागि तीनवटै संघीय तहहरुलाई अधिकार दिइएको अवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागू गरेको देखिएन । यस पालिकाको खरिद व्यवस्थापन सम्बन्धी निम्नानुसारको अवस्था रहेको छ ।<br>Ø खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना बनाएको देखिएन,<br>खरिद एकाइको गठन गरेको छ तर खरिद एकाइको प्रयोग गरी खरिद व्यवस्थापन गरेको देखिएन,<br>Ø एकिकृत रुपमा खरिद कार्य नगरी टुक्रे खरिद गरेको देखिन्छ,<br>Ø वडा कार्यालयले आ आफ्नो तरिकाले कार्यालय समाग्री खरिद गरेको देखिन्छ,<br>यस्तो प्रकारको प्रवृत्तिले सार्वनजिनक खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित हुन जाने तथा गुणस्तरीय वस्तु तथा सेवाको आपूर्तिको सुनिश्चितता हुन सक्दैन । यसर्थ सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ । | |
| १७ | | | **कन्टेन्जेन्सी रकम व्यवस्थापनः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा अनुसुची १ मा उल्लेख भए बमोजिम लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने तथा सोको खर्च गर्दा वर्क चार्ज खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिकाले उपभोक्ता समितिबाट काम गराउँदा योजनाको लागत रकमको ४ प्रतिशत रकम कन्टेन्जेनसी रकम कट्टी गरेको छ । कन्टेन्जेन्सी रकमलाई व्यवस्थित गर्नको लागि कन्टेजेन्सी योजना बनाएर व्यवस्थित गरेको पाइएन । यसलाइ व्यवस्थित गर्नु पर्दछ । | |
| १८ | | | **लागत प्रभावी योजना तर्जुमाः**<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ बमोजिम सार्वजनिक निकायले कुनै खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता समितिसँग सम्झौता र कार्यदेश पश्चात लागत अनुमान तयार हुने गरेको छ । योजनाको कार्यान्वयमा प्रभावकारीता ल्याउन तथा बस्तुनिष्ठ योजनामा वजेट विनियोजन गरी विनियोजन कुशलता कायम गराउनको लागि लागत अनुमान तयार गरी सो बमोजिमको बजेट विनियोजन गरी खरिद व्यवस्थापन गर्नु पर्दछ । | |
| १९ | | | **कानुन निर्माणको अवस्थाः**<br><br>यस नगरपालिकाको न्यायिक समितिले हालसम्म ५ वटा ऐनहरु, १५ वटा कार्यविधिहरु, २ वटा निर्देशिकाहरु १ मार्गदर्शन १ आचार संहिता ३ कार्ययोजना सहित जम्मा २७ वटा कानुनहरु निर्माण भएको देखिन्छ । सो कानुनहरु मध्ये आ व २०७८/७९ मा २ वटा ऐन, १ निर्देशिका र ३ कार्ययोजना सहित जम्मा ६ वटा कानुनहरु निर्माण भएको देखिन्छ । हालसम्म पनि सार्वजनिक खरिद नियमावली र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बन्न सकेको देखिएन । स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण कानुनी सामञ्जस्यता र तादाम्यता तथा प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ । | |
| २० | | | **सशर्त पुजिगत** | |
| २०.१ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माणः**- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्इङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त | ११,६००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. १,१६,००,०००.०० निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>सि. नं.</th><th>बिधालयको नाम</th><th>कामको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>राष्टिय नमुना मा.बि. मोतिपुर</td><td>नमुना बिधालय</td><td>३५,००,०००.००</td></tr>
<tr><td>२</td><td>जनता मा.बि</td><td>४ कोठे भवन निर्माण</td><td>३६,००,०००.००</td></tr>
<tr><td>३</td><td>नवजिवन मा.बि.</td><td>२ कोठे भवन निर्माण</td><td>१८,००,०००.००</td></tr>
<tr><td>४</td><td>सरस्वति मा. बि.</td><td>४ कोठे भवन निर्माण</td><td>२७,००,०००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१,१६,००,०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>अनुदान ब्यवस्थापनः कार्यक्रम कार्यान्यिन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७८।७९ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सि.न.</td><td>बिद्यालयको नाम</td><td>कार्यक्रमको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>शम्भु सुनदा आ.बि</td><td>ICT ल्याब स्थापना</td><td>६,५००००।००</td></tr>
<tr><td>२</td><td>जनप्रभात मा.बि१</td><td>ICT ल्याब स्थापना</td><td>६,५०,०००।००</td></tr>
<tr><td>३</td><td>राष्टिय नव जागृती</td><td>ICT ल्याब स्थापना</td><td>६,५०,०००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>सशर्त अनुदान (कृषि र पशु तर्फ)</td><td></td></tr>
<tr><td>२१.१</td><td>१३९</td><td>२०७९-३-८</td><td>पकेट कार्यक्रमः कृषि/पशुपन्छी/मत्स्य उत्पादन सामाग्रीको व्यवस्था, प्राविधिक सेवा प्रवाह र नवीनतम कृषि प्रविधिको प्रसारबाट कृषि/पशुपन्छी/मत्स्य उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले स्थानीय तहहरुमा साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम कार्यान्वयमा छ। प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ ले पकेट कार्यक्रमा दिने अनुदान प्रकृया, अनुगमन तथा प्रतिवेदन सम्बन्धी विविध व्यवस्था गरेको छ। साथै म्यानुअल अनुसार कार्यक्रमको लागि सम्झौता भएको कार्यक्रम लाभग्राहिद्धारा सम्पन्न गरेपछी पालिकाबाट अनुगमन, प्राविधिक मुल्याङ्कान, विलभरपाईको आधारमा अनुदान भुक्तानी गर्नुपर्ने हुन्छ। तर पालिकाले बंगुर पकेट कार्यक्रमबाट श्री प्रगतिशिल हरीयाली कृषक समुहलाई धान पकेट कार्यक्रम संचालन बापत भुक्तानी गरेको देखिन्छ। अतः पालिकाले बंगुरको पकेट क्षेत्र विस्तार गर्नमा खर्च गर्नु पर्ने रकम अन्य प्रयोजनमा खर्च भएका रु. ६,००,००० यकिन गर्नु पर्दछ । अतः उक्त कार्यक्रमको रकम नियमसम्मत नदेखिएको रु.</td><td>६००,०००</td></tr>
<tr><td>२१.२</td><td></td><td></td><td>पशु आहारा मिसन कार्यक्रमः पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रमलाई सुचारु रुपले सञ्चालन गरी प्रतिफल प्राप्त गर्न सहयोग पुर्याउने उद्देश्यले पशुपन्छी तथा मत्स्य प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्याविधि, २०७८ कार्यान्वयनमा छ। यस कार्यविधिले मिसन कार्यक्रम अन्तर्गत दूध, मासु, उन, पशु र मत्स्य मिसन कार्यक्रमहरु समावेश गरेको छ। पालिकाले कार्यविधिले निश्चित गरेको विधि र क्षेत्र भन्दा वाहिर रहेर हिउँदे घाँस वर्सिमको विउ खरिद गरि वितरण गरेको देखिन्छ। यसरि कार्यविधिको पालना नगरि खर्च गरेको नियमसम्मत नदेखिएको रकम रु.</td><td>४४३,९९९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | |
| २२.१ | | | **साक्षरता कार्यक्रमः** प्रधानमन्त्रि रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ ले यस कार्यक्रम अन्तर्गत रोजगारी सृजना गर्दा सडक, खानेपानी, ढल व्यस्थापन, सिंचाई लगायतका प्रमुख क्षेत्रहरु तोकेको छ। पालिकाले १० वटै वडाहरुमा साक्षरता कार्यक्रम (प्रौढ कक्षा) सञ्चालन गरि अध्यापन गराएका व्यक्तिहरु भनि पारिश्रमिक बापत ६६ जना व्यक्तिहरुलाई प्रति व्यक्ति रु. १४८४३.३१ दरले जम्मा रु. ९,७९,६५९ रकम भुक्तानी गरेको देखिन्छ। यसरी कार्यक्रमको उद्देश्य भन्दा बाहिर रहेर अन्य प्रयोजनमा गरिएको निमयसम्मत नदेखिएको खर्च रु. | ९७९,६५९ |
| २२.२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रममा बढी भुक्तानीः** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सन्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ बमोजिम श्रमिकको ज्याला भुक्तानी गर्दा प्राविधिक प्रतिवेदनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। देहायका योजनाहरुमा प्राविधिकको कार्यसम्पन्न प्रतिवेदन भन्दा बढी भुक्तानि भएको देखिन्छः | ३२,३४७ |

| भौचर नं/ मिति | आयोजना नाम | कार्य सम्पन्न विल रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|
| ९४/ २०७९।२।१० | डम्मरिया सिबिरको दक्षिण तर्फ बाटो निर्माण योजना | १,५२,७७८ | १७७,७१६ | २४,९३८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९५/ २०७ ९।२ ।१०</td><td>डम्मरीया नरबहादुर विस्टको घर देखि कर्णबहादुर रानाको घर सम्म बाटो निर्माण</td><td>६८,७५५</td><td>७६,१६४</td><td>७,४०९</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३२,३४७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.३</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनः स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र प्रतिवेदन गर्ने भूमिका रहेको छ। कार्यालयले धेरै संख्यामा योजना छनौट गरेको र त्यस्ता योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमुलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ। योजनाहरुको अनुगमन तथा मुल्यांकन प्रणाली, प्रतिवेदन गर्ने कार्यपनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन। साथै कार्यविधिले तोकेको क्षेत्रभन्दा बाहिर रहि खर्च गरेको पनि देखिन्छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, सरसफाई, बाटोमा माटो पटानी कार्य लगायतका ३५ वटा कार्यक्रमहरु सञ्चालन गरी ८३७ जनालाई रोजगारी उपलव्ध गराई ८ दिन देखि ७८ दिनसम्म कार्य गराई रु. १५४९२३५७ खर्च गरेको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>सशर्त चालु (स्वास्थ्य तर्फ)</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>न्यानो झोलाः संस्थागत सुत्केरी संख्या वृद्धि गरी आमा तथा नवजात शिशु मृत्युलाई कम गर्न नेपाल सरकारले न्यानो झोला कार्यक्रमलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सञ्चालन गर्दै आएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार यस शिर्षकमा व्यवस्था भएको बजेटबाट प्रसूतिका आधारमा अनुमान गरी समयमै खरीद गरी सुत्केरीलाई स्वास्थ्य संस्थामै उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले रु. ८,९७,७८५ बराबरको न्यानो झोला खरिद गरेको छ। पालिकाले मौज्दात यकिन तथा गुणस्तर परीक्षण नगरेको तथा आर्थिक वर्षको अन्त्यमा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समेत झोलाहरु खरिद गरेको देखिन्छ। यसरी खरिद गरेका झोलाहरु लेखापरीक्षण गरेको समयसम्म पनि झोलाहरु पालिकामा मौज्दात रहेको देखिन्छ। आवश्यकता नपरी खरिद गर्दा धेरै समयसम्म भण्डार गर्नु पर्ने भएकाले यसको गुणस्तरमा कमी आउने, विभिन्न कारणले बिग्रिने, नष्ट हुने लगायतका जोखिम रहन्छ। पालिकाले खरिद गरेका झोलाहरुलाई स्वास्थ्य संस्थाहरुको आवश्यकता अनुसार वितरण गरी आगामी वर्ष खरिद गर्दा मौज्दात यकिन गरेर पालिकालाई आवश्यक भएमा वा आवश्यक संख्यामा मात्र खरिद गर्नु पर्दछ। | |
| २३.२ | | | **कोभिड-१९ अस्थायी अस्पतालमा कार्यरत कर्मचारिको भत्ता वितरणः** पालिकाले विश्वव्यापि महामारिको रुपमा फैलिएको कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि कामकाजमा खटिएका नगरपालिका भित्र सञ्चालित कोभिड १९ अस्थायी अस्पतालमा मिति २०७८ बैशाख १४ देखि २०७८ असोज १४ सम्म खटिई कामकाज गरेबापत तलवको ५०% जोखिम भत्ता रकम दिएको छ। पालिकाले सर्शत अनुदानबाट उनै स्वास्थ्यकर्मिहरुलाई अतिरिक्त काम गरेबापतको भुक्तानी गरेको देखिन्छ। सशर्त अनुदानबाट जोखिम भत्ता भुक्तानी भईसकेको अवस्थामा फेरी सशर्त अनुदानबाटै उनै स्वास्थ्यकर्मिहरुलाई अतिरिक्त समय काम गरेको भत्ता भुक्तानी गर्दा दोहोरो भुक्तानी गरेको देखिएकाले यसरी दोहोरो भुक्तानी रु. ४,५१,६४२ हुन गएको नियम संगत नदेखिएको रकम रु. | ४५१,६४२ |
| २४ | | | **सशर्त चालु ( शिक्षा तर्फ)**<br><br>नेपालको संविधान, शिक्षा ऐन लगायत शिक्षासँग सम्वन्धित कानून, निर्देशिका, कार्यक्रहरुले शिक्षामा नागरिक समान पहुँचको सुनिश्चितता, शिक्षालाई बैज्ञानिक, व्यवहारिक, रोजगारमूलक तथा सीपमूलक बनाउदै सक्षम जनशक्ति तयार, शिक्षाको गुणस्तरीयतामा अभिवृद्धी लगायतका उद्देश्यहरु राखेका छन्। संविधानले माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई सुम्पिएको छ। तसर्थ शिक्षा क्षेत्रको विकास विस्तारमा पालिकाहरुको अहम् जिम्मेवारी रहेको हुँदा उनिहरुको क्षमता विकासका लागि नेपाल सरकारले सशर्त अनुदान मार्फत शिक्षा तर्फ वित्तीय हस्तान्तरण गर्दै आएको छ। यस्तो हस्तान्तरीत रकम सम्बन्धित स्थानीय तहले शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामाग्री, छात्रवृत्ति, दिवा खाजा, परीक्षा सञ्चालन लगाएतका तोकिएका क्षेत्रमा शर्तमा रहि खर्च गर्नु पर्ने हुन्छ। यस पालिकाले आर्थिक बर्ष २०७८/०८९ मा सशर्त अनुदानमा शिक्षा तर्फ गरेको खर्चका सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| २४.१ | | | **एकमुष्ठ अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई बार्षिक रुपमा एकमुष्ठ रु. १० लाख दिने ब्यवस्था छ। त्यस्तो अनुदान सम्बन्धित | २,०८०,० ०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यालयले शिक्षकको, बालविकास सहजकर्ताकको पारिश्रमिक र कार्यालय सहयोगीको पारिश्रमिक, विद्यालय व्यवस्थापन, शैक्षिक सामाग्रि लगायतका विषयमा खर्च गर्नु पर्ने हुन्छ र उसले पालिकाबाट यस शिर्षकमा थप अन्य कुनै अनुदानहरु प्राप्त गर्न सक्दैन्। पालिकाले देहायका विद्यालयहरुलाई प्रति विद्यालय १० लाखका दरले अनुदान दिएको साथै सशर्त अनुदान तथा पालिकाको बजेटबाट पनि प्रारम्भिक बालविकास केन्द्र सहजकर्ता र विद्यालय सहयोगीका लागि दिईने पारिश्रमिक र सुविधा निरन्तर भुक्तानी गरेको पाईयोः | |

| क्रम | विद्यालयको नाम | बालविकास सहजकर्तालाई गएको भुक्तानी | कार्यालय सहयोगीलाई गएको भुक्तानी | जम्मा रकम |
|---|---|---|---|---|
| १ | जनचेतना प्रावि मोतिपुर | ० | ८०,००० | ८०,००० |
| २ | जनसिर्जना प्रावि गिधिनया | १,६०,००० | ८०,००० | २,४०,००० |
| ३ | रंगादेवि प्रावि पिपरकोटी | १,६०,००० | ८०,००० | २,४०,००० |
| ४ | चम्कीलो तारा प्रावि | १,६०,००० | ८०,००० | २,४०,००० |
| ५ | सुर्योदय प्रावि तोरीपुर | ८०,००० | ८०,००० | १,६०,००० |
| ६ | सरस्वती प्रावि बर्राचौर | १,६०,००० | ८०,००० | २,४०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>जीवनदिप प्रावि बल्चौर</td><td>१,६०,०००</td><td>८०,०००</td><td>२,४०,०००</td></tr>
<tr><td>८</td><td>जनचेतना प्रावि उत्तरलम्की</td><td>१,६०,०००</td><td>८०,०००</td><td>२,४०,०००</td></tr>
<tr><td>९</td><td>ज्ञानोदय प्रावि चौरी</td><td>२,४०,०००</td><td>८०,०००</td><td>३,२०,०००</td></tr>
<tr><td>१०</td><td>पुर्णिमा प्रावि कौवापुर</td><td>०</td><td>८०,०००</td><td>८०,०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२०,८०,०००</td></tr>
</table>
पालिकाले यसरी कार्यविधि विपरित भुक्तानी गर्दा सम्बन्धित शिर्षकमा खर्च गर्ने रकम अपुग भई अन्य कृयाकलापहरुको प्रभावकारीतामा समेत असर पुग्न सक्ने भएकाले वालविकास सहजकर्ता तथा कार्यालय सहयोगीको लागि भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल उपर गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु.</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>शिक्षण सहयोग अनुदान वितरणः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ पुस्तिकाले माध्यमिक तहको कक्षा (९-१०) का लागि शून्य दरबन्दि वा १ मात्र दरवन्दि वा राहत कोटा भएका तथा निम्नमध्यमिक तहको कक्षा (६-८) का लागि शून्य दरबन्दि भएका विद्यालयहरुलाई गणित, अंग्रेजि र विज्ञान विषय शिक्षक व्यस्थापन गर्न माध्यमिक तहका शिक्षकको लागि रु. ३५,९९० र निम्नमाध्यमिक तहका शिक्षकका लागि रु. २८,२०० तलब दिने गरि शिक्षक नियुक्ति गर्ने सक्ने व्यवस्था गरेको छ।<br>यसै क्रियाकलाप अन्तर्गत रहि मिति २०७८।१०।१४ मा बसेको शिक्षा समितिको १९ औं बैठकले देहायका विद्यालयहरुलाई निम्न संख्यामा कोटा वितरण गरेको देखिन्छः
<table>
<tr><th>क्रम</th><th>माध्यमिक तहका अनुदान प्राप्त विद्यालय</th><th>कोटा संख्या</th></tr>
</table></td><td>५,५००,१५०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>राष्ट्रिय माध्यमिक विद्यालय, गप्का</td><td>२</td></tr>
<tr><td>२</td><td>राष्ट्रिय माध्यमिक विद्यालय, थापापुर</td><td>२</td></tr>
<tr><td>३</td><td>नव जीवन माध्यमिक विद्यालय, वलिया</td><td>२</td></tr>
<tr><td>४</td><td>दिपेन्द्र माध्यमिक विद्यालय, थपालिपुर</td><td>२</td></tr>
<tr><td>५</td><td>सरस्वती माध्यामिक विद्यालय, कौवापुर</td><td>२</td></tr>
<tr><td>६</td><td>बालसेवा माध्यमिक विद्यालय, चाकावाणी</td><td>२</td></tr>
<tr><td>७</td><td>वालकल्याण माध्यमिक विद्यालय, भुरुवा</td><td>२</td></tr>
<tr><td>८</td><td>राष्ट्रिय माध्यमिक विद्यालय, वामनपुर</td><td>२</td></tr>
<tr><td>९</td><td>सरस्वती माध्यमिक विद्यालय, भुरुवा</td><td>१</td></tr>
<tr><td>१०</td><td>सहिदस्मृति माध्यमिक विद्यालय, लम्की</td><td>१</td></tr>
<tr><td>११</td><td>नेपाल राष्ट्रिय कर्णाली माध्यमिक विद्यालय, चिसापानी</td><td>१</td></tr>
<tr><td>१२</td><td>जनप्रभात माध्यमिक विद्यालय, तिलकपुर</td><td>१</td></tr>
<tr><td>१३</td><td>नवदुर्गा माध्यामिक विद्यालय, मलभंगा</td><td>१</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="2">जम्मा कोटा वितरण</td><td>२१</td></tr>
<tr><td>क्रम</td><td>आधारभुत तहका अनुदान प्राप्त विद्यालय</td><td>कोटा संख्या</td></tr>
<tr><td>१</td><td>जन प्रभात माध्यमिक विद्यालय</td><td>१</td></tr>
</table>
सोहि शिक्षा समितिको निर्णयमा माथि उल्लेखित विद्यालयले शिक्षक नियुक्त गरी सो को अभिलेख शिक्षा शाखामा पेश गरे पश्चात रकम निकासा गरिने भनि उल्लेख गरिएको छ। मिति २०७८।१०।१४ मा सम्बन्धित विद्यालहरुलाई कोटा वितरण गरेको भएपनि पालिकाले उल्लेखित विद्यालयहरुलाई उक्त कोटाको लागि श्रावण महिनादेखिकै तलव लगायतका सेवा सुविधा रु. ५५,००,१५० भुक्तानी गरेको देखिन्छ । यसरी माघ महिनामा वितरण गरिएको कोटाहरुको लागि श्रावण महिनादेखि नै भुक्तानी गरेको रकम उचित देखिदैन्। पालिकाले यस सम्बन्धमा आवश्यक छानविन गरि सम्बन्धित शिक्षकहरुको नियुक्ति पत्र, हाजिरि लगायतका प्रमाण पुग्ने कागजातहरुको आधारमा शिक्षकहरुले तलब प्राप्त सुरु मिति यकिन गरि नियमविपरित देखिन आएका शिक्षकहरुको नियुक्ति मिति अगाडी सम्बन्धित शिक्षकलाई भुक्तानी भएको तलबभत्ता असुल उपर गरी संघीय संचित कोषमा दाखिला गर्दै अनुदानका शिक्षकहरुको तलब भत्तामा मिति २०७८।१०।१३ सम्म खर्च भएको रकमको सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>२४.३</td><td></td><td></td><td>अवकाश पछिको भुक्तानीः शिक्षा तथा मानव विकास स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ मा शिक्षकहरुको तलव भत्ता तथा सेवा सुविधा विवरण सम्बन्धि व्यवस्था छ। यस्ता सेवा सुविधाहरु शिक्षक बहाल रहदाँको समयसम्म प्राप्त हुनेछन । दिपेन्द्र माध्यमिक विद्यालयका शिक्षक कृष्ण प्रसाद सन्जयालको मिति २०७८।५।२० मा अवकास भएपनि पालिकाले २०७८ चैत्र महिनासम्म सम्बन्धित अबकाश भएका शिक्षकको तलव सुविधा समेत विद्यालयको खातामा दाखिला गरेको देखिन्छ।यसरी बढी भुक्तानी भएको रु. २,६५,०८३ पालिकाले यकिन गरी असुल उपर गरि संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु.</td><td>२६५,०८३</td></tr>
<tr><td>२४.४</td><td></td><td></td><td>सिकाई सहजीकरणका लागि शैक्षिक कार्यक्रमः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप २.७.२५.६२ मा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा विद्यार्थी सिकाइ निरन्तरताको लागि स्वीकृत श्रव्यदृश्यपाठ प्रशारणका लागि स्थानीय टेलिभिजन च्यानल तथा एफ. एम. रेडियो मार्फत प्रशारण गर्ने, स्थानीय तहबाट थप सिकाइ सामग्री विकास तथा छपाई र वितरण गर्ने, विद्यालय स्वास्थ्य सुरक्षा सामग्री व्यस्थापन गर्ने जस्ता कृयाकलाहरुको व्यवस्था गरेको छ। पालिकाले यस कार्यक्रममा अरु विद्यालयहरुलाई नसमेटी जनसेवा माध्यामिक विद्यालयलाई मात्रै रु. ३,७४,००० अनुदान दिएको र विद्यालयले निर्देशिकाले भनेका विषयहरुमा खर्च नगरी सिसि क्यामेरा, इहाजिरी जडान जस्ता सामग्रीमा खर्च गरेको देखिन्छ। साथै, विद्यालयले सार्वजनिक खरिद कानुन बमोजिम सोझै</td><td>३७४,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खरिद गर्दा कम्तिमा तीन फर्मसँग दरभाउपत्र माग गर्नु पर्ने व्यवस्थाको पालना नगरी हेलिना कम्प्युटर्ससँग सिधै खरिद गरिएको छ। यसरी विधि विपरित खर्च गरिएको नियमसम्मत मान्न नसकिने रकम रु. | |
| २४.५ | | | **विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ मा स्थानीय तहले विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोगलाई प्रभागकारी बनाउन अनुगमन, योजना निर्माण, रोष्ट्रर निर्माण, कक्षा अवलोकन, पृष्ठपोषण आदानप्रदान, छोटो अवधिकाका मागमा आधारित तालिम सञ्चालन एवम् शैक्षिक समस्या समाधानका लाग छलफल गर्न, गराउन ५० विद्यालयसम्म भएका स्थानीय तहले ७५ हजार सम्म खर्च गर्न सक्ने व्यवस्था गरेको छ। पालिकाका शिक्षा अधिकृत गौरी कान्त न्यौपानेले ४० दिन र कर्मचारी ज्योति चौधरीले ३५ दिन उल्लेखित कार्य गरेको भनि क्रमशः ४०,००० र ३५,००० भत्ता रकम बुझे पनि खर्च पुष्टि गर्ने कागजपत्र देखिएन । अतः सम्बन्धित कर्मचारीले रु. ७५,००० को विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोग कार्यक्रम सञ्चालन गरेका आवश्यक कागजात प्रमाणका रुपमा पेश गर्ने अन्यथा असुल उपर गर्नुपर्ने रकम रु. | ७५,००० |
| २४.६ | | | **शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रवर्धनः** शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ मा स्थानीय तहले वार्षिक तथा त्रैमासिक प्रतिवेदन एवम् वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयारी तथा संप्रेषण, विद्यालयलाई IEMIS मा शैक्षिक तथ्याङ्क भर्न तथा अद्यावधिक गर्न लगाउने लगायतका कार्यहरु गर्न पालिकाले वार्षिक ७५,००० सम्म खर्च गर्न सक्ने व्यवस्था रहेको छ। पालिकाका शिक्षा अधिकृत गौरी कान्त न्यौपानेले ३५ दिन, कर्मचारी ज्योति चौधरीले २५ दिन र दिपक भण्डारीले ५ दिन उल्लेखित कार्य गरेको भनि क्रमशः ३५,०००, २५,००० र ५,००० रकम बुझे पनि खर्च पुष्टि गर्ने कागजपत्र देखिएन। अतः सम्बन्धित कर्मचारीले कार्यक्रम सञ्चालन गरेका आवश्यक कागजात प्रमाणका रुपमा पेश गर्ने अन्यथा असुल उपर गर्नुपर्ने रकम रु | ६५,००० |
| २४.७ | | | **पाठ्यपुस्तक अनुदान कार्यक्रमः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान हस्तान्तरण सम्बन्धी व्यवस्था रहेको छ। यसरी हस्तान्तरण गर्दा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा संख्या यकिन गरि नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले किस्तामा भुक्तानी नगरि एकमुष्ठ सतप्रतिशत भुक्तानी गरेको र पछि विद्यालयले पेश गरेको विल र भरपाई यकिन गरि सोधभर्ना पनि गरेको पाईएन। लेखापरीक्षण योजना अनुसार तीन विद्यालयहरु छनौट गरि परीक्षण गर्दा श्री राष्ट्रिय मा वि बल्चौरले पाठ्यपुस्तक वितरण गर्दा गरेको वितरण भरपाई भएको हस्ताक्षर एउटै प्रकृति भएकाले विश्वसनीय नभएको, विद्यार्थी संख्याको सत्यापन नगरी भुक्तानी गरेको, कक्षा ११ र १२ कक्षाका विद्यार्थीहरुलाई वितरण गरेको भरपाई नदेखिएको तथा विद्यालयले पेश गरेको विलभन्दा पालिका बाट भुक्तानी भएको रकम बढी भएको देखिन्छ। पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तकमा कुल रकम रु. १,०४,७४,६२३ अनुदान दिएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ। अतः पालिकाले सवै विद्यालयहरुको पाठ्यपुस्तको लागि गएको अनुदान, गरिएको खरिद र वितरणको सम्बन्धमा सत्य तथ्य यकिन गर्नु पर्दछ। | |
| २४.८ | | | **विद्यार्थी संख्याको सत्यापनः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (EMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी EMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ। | |
| २४.९ | | | **अनुगमन र प्रतिवेदनः** अनुदान दिईएपछी त्यस अनुदानको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नुपर्ने हुन्छ। सशर्त अनुदानमा अनुदान दिनुको निश्चित उद्देश्य रहन्छ र त्यसका लागि शर्तहरु तोकिएका हुन्छन्। शर्त बमोजिम कार्यहरु भए नभएको यकिन गर्न सशर्त अनुदानमा अनुगमनको झनै महत्व रहन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अन्तर्गत रहेका अधिकाम्स कार्यक्रमहरुले अनुदान दिईएपछी आवधिक रुपमा अनुगमन गरि त्यसको प्रतिवेदन तयार गर्नुपर्ने साथै अनुदान प्राप्त गर्ने विद्यालयले पनि तोकिएको समयमा पालिकालाई प्रतिवेदन गर्नु पर्ने व्यवस्था गरेको छ। सूचकमा आधारित अनुगमनले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनुको साथै आगामी दिनहरुमा कार्यक्रम थप सुधार गर्न मद्दत पुग्ने हुन्छ। पालिकाले विद्यालयहरुलाई अनुदान दिएको तर तोकिएको समयमा गर्नु पर्ने अनुगमन र विद्यालयहरुले गर्नु पर्ने प्रतिवेदन गरेको पाईएन। अतः पालिकाले अनुगमन तथा प्रतिवेदनलाई कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप सम्पन्न गर्नु पर्ने देखिन्छ। | |
| २५ | | | **अनुदानतर्फ** | |
| २५.१ | | | **नाफामूलक संस्थालाई अनुदानः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका नाफामूलक संस्थाको निर्माण तथा संस्थागत अनुदान खर्चमा रु. ४५,००,००० उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रु.</th></tr><tr><td>१</td><td>सहकारी संस्था लिमिटेड</td><td>भवन निर्माण/संस्थागत अनुदान</td><td>४५,००,०००</td></tr></table>यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २५.२ | | | **संस्थालाई अनुदानः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनु पर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका नाफामूलक संस्थाको निर्माण तथा संस्थागत अनुदान खर्चमा रु. २६,७९,३१९ उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रवाह हुने सुनिश्चित छैन ।<table><tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रु.</th><th>कैफियत</th></tr><tr><td colspan="5">नगरपालिका चालु</td></tr><tr><td>१</td><td>श्री बेल्चौर जैविक विविधता संरक्षण बचत तथा ऋण सहकारी संस्था लि.</td><td>प्रशासनिक खर्चको लागि</td><td>५०००००</td><td>भौ.नं. ४१४ बाट भुक्तानी</td></tr><tr><td>२</td><td>नागबेशी बचत तथा ऋण सहकारी संस्था लि.</td><td>व्यवस्थापन तथा सञ्चालन अनुदान</td><td>२०००००</td><td>भौ.नं. ७७५ बाट भुक्तानी</td></tr><tr><td>३</td><td>हमार बचत तथा ऋण सहकारी संस्था लि.</td><td>ट्वाइलेट निर्माण</td><td>१९३८८४</td><td>भौ.नं. १६०४ बाट भुक्तानी</td></tr><tr><td colspan="5">स्वास्थ्य चालु</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>पिपुल्स सामूदायिक अस्पताल</td><td>व्यवस्थापन तथा सञ्चालन अनुदान</td><td>१३०००००</td><td>भौ.नं. ६९ सँग सम्बन्धित</td></tr>
<tr><td colspan="5">कृषि चालु</td></tr>
<tr><td>५</td><td>नयाँ अभियान कृषि सहकारी संस्था लि.</td><td>भवन निर्माण तथा घेरावाल पर्खाल निर्माण</td><td>४८५४३५</td><td>भौ.नं. ६६ सँग सम्बन्धित</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२६,७९,३१९</td><td></td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>लम्किचुहा अस्पताल विकास समितिः नेपालको संविधानको धारा २४१, लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम स्थानीय तहको पूर्व स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हने व्यवस्था रहेको छ । त्यस्तै सोही ऐनको दफा ११ बमोजिम पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा स्थानीय तहको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनु पर्दछ । यस नगरपालिका अन्तर्गत रहने गरी एक अस्पताल संचालन गर्नको लागि नगर कार्यपालिकाको मिति २०७६/९/२७ गते लम्कीचुहा अस्पताल विकास समिती गठन तथा संचालन कार्यविधि, २०७६ पारित गरेको पाईयो। उक्त कार्यविधिको परिच्छेद ७, दफा २३ आर्थिक व्यवस्थामा एउटा छुट्टै कोष रहने र सो कोषमा संघ, प्रदेश र स्थानिय तहबाट प्राप्त हुने रकम बाहेक विभिन्न स्वदेशी, विदेशी संघ संस्थाबाट प्राप्त रकम समेत रहने व्यवस्था रहेको छ । त्यस्तै सोही कार्यविधिको दफा २४ लेखापरीक्षणमा अस्पतालको लेखापरीक्षण रजिष्टर्ड लेखापरीक्षकबाट प्रत्येक आर्थिक वर्ष समाप्तिको दुई महिनाभित्र गरी प्राप्त बेरुजु बाँकी बक्यौता फछ्यौंट गरी सो को प्रतिवेदन अस्पताल विकास समितिको बैठकमा पारित गर्ने व्यवस्था गरेको छ । उक्त कार्यविधिमा भएको व्यवस्था अनुसार अस्पताल विकास समितिको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण जारी भएको प्रतिवेदन प्राप्त भएको पाइएन । तसर्थ, अस्पताल विकास समितिले नगरपालिकाबाट पाएको अनुदान रु. ३ करोडको सदुपयोग भए नभएको आश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>पदाधिकारीतर्फ</td><td>१,२७२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **पदाधिकारी बैठक भत्ताः** पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदूरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । पालिकाका पदाधिकारीहरुले बैठक बसे मात्र बैठक भत्ता पाउनु पर्नेमा प्रत्येक महिनाको २ बैठक बसे मात्र रु. १००० को दरले बैठक भत्ता तथा मासिक रु. ५०० को दरले दुइवटाको यातायत खर्च पाउनु पर्नेमा बैठक नै नबसि बैठक भत्ता तथा यातायात खर्च प्राप्त गरेकोमा देहाय बमोजिमको बैठक बसेको माइन्युट रु. १२,७२,००० को प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. | |

| विवरण | महिना | पदाधिकारी संख्या | प्रति बैठक रु. १००० को दरले मासिक २ बैठक तथा मासिक रु. ५०० को दुइवटाको यातायात खर्चको रु. | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|
| नगर सभा सदस्य | ११ | ३२ | २००० | ७०४००० | बैठक भत्ता |
| कार्यपालिका सदस्य | ९ | ८ | २००० | १४४००० | |
| नगर सभा सदस्य | ११ | ३२ | १००० | ३५२००० | यातायात खर्च |
| कार्यपालिका सदस्य | ९ | ८ | १००० | ७२००० | |
| जम्मा | | | | १२,७२,००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **कर्मचारीतर्फ** | |
| २७.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १४९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सिनियर डिभिजनल इन्जिनियर, प्रशासन अधिकृत सातौं, शिक्षा अधिकृत नवौं सहितका १३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| २७.२ | | | **करार कर्मचारी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा कानून बमोजिम मात्र भर्ना गर्नुपर्नेमा पालिकाले बिभिन्न पदमा ४६ कर्मचारीहरु करारमा राखी रु. १,३५,००,००० खर्च लेखेको छ । यसरी करारमा कर्मचारी राख्दै जानु उचित देखिएन । | |
| २७.३ | | | **दरबन्दी भन्दा बढी कर्मचारीः** पालिकाले स्थायी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा मन्त्रालयबाट स्वीकृत भएको दरबन्दी बमोजिमका कर्मचारीलाई मात्र तलब भत्ता भुक्तानी गर्नु पर्दछ । पालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था तथा कार्यालयतर्फ ७३ जना कर्मचारी दरबन्दीमा रहेकोमा सोही बमोजिम तलब भत्ता भुक्तानी गर्नुपर्नेमा स्वीकृत दरबन्दी तेरिज भन्दा बार्षिक रु. २,६७,६७,१२० थप व्यायभार परेको छ । अतः स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी सरुवा गर्ने तथा दरबन्दी बाहिरको कर्मचारीलाई हाजिर गराई कामकाज गराउने कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |

| क्र.सं. | पद | दरबन्दी भन्दा बढी संख्या | व्यय भार रु. | कैफियत |
|---|---|---|---|---|
| १ | इन्जिनियर | २ | १००७७४० | |
| २ | हे.अ. | ६ | २४१५६०० | |
| ३ | सि.अ.हे.व. | ३ | १५११६१० | |
| ४ | जनस्वास्थ्य अधिकृत | ३ | १५११६१० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | ना.प्र.स. | १ | ३८१९३० | |
| ६ | अ.स.ई. | १ | ३८१९३० | |
| ७ | अ.न.मि. | ४ | १५२७७२० | |
| ८ | अ.हे.व. | ७ | २६७३५१० | |
| ९ | सहायक चौथौं | १० | ३८१९३०० | |
| १० | का.स. | २४ | ६६८३०४० | |
| ११ | सवारी चालक | १२ | ३३४१५२० | |
| १२ | ल्याब असिस्टेन्ट | ३ | १५११६१० | |
| जम्मा | | ७३ | २,६७,६७,१२० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>कृषितर्फ</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>कृषि चालुतर्फः कृषि कार्यक्रमको लागि देहाय बमोजिमका कृषक तथा कृषक समूहहरुलाई वितरण गर्ने आय आर्जन वृद्धि तथा घरायसी समस्या समाधान गर्ने प्रयोजनार्थ पालिकाले अनुदान भुक्तानी दिने सम्झौता अनुसार वितरण गरेको भरपाई पेश गरेको उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र कृषक छनौटको आधार स्पष्ट नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।
<table>
<tr><td>भौ.नं.र मिति</td><td>संस्थाको नाम</td><td>अनुदान रु.</td><td>विवरण</td><td>कैफियत</td></tr>
<tr><td>२।०७८।५।२०</td><td>सरस्वती एग्रोभेट सेन्टर</td><td>४९८०००</td><td>८७ जनालाई २ देखि ६० प्याकेट सम्म वितरण</td><td>खुर्सानीको बिउ (५०।५० प्रतिशत कार्यक्रम)</td></tr>
<tr><td>८।०७८।६।१७</td><td>जे.एन.एग्रोभेट सेन्टर</td><td>४९८०००</td><td>भरपाई पेश भएको पाइएन।</td><td>प्याजको बिउ (१०० प्रतिशत निःशुल्क)</td></tr>
<tr><td>११।०७८।७।३</td><td>साझा एग्रोभेट सेन्टर</td><td>५०००००</td><td>१४१ जनालाई २ देखि २१५ प्याकेट सम्म वितरण</td><td>च्याउको बिउ (१०० प्रतिशत निःशुल्क)</td></tr>
<tr><td>१८।०७८।७।१५</td><td>सरस्वती एग्रो सेन्टर</td><td>५०००००</td><td>१८८ जनालाई २ देखि १५० प्याकेट सम्म वितरण</td><td>च्याउको बिउ (१०० प्रतिशत निःशुल्क)</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| ६३।०७९।१।२१ | के.डि.एग्रो सेवा केन्द्र | ४७७५०० | ११२ जनालाई १ देखि ३०० प्याकेट सम्म वितरण | लहरे तरकारी बाली (१०० प्रतिशत निःशुल्क) |

</td><td></td></tr>
<tr><td>२८.२</td><td>२</td><td>२०७८-११-२५</td><td>कृषि टनेल निर्माणः कृषि पूजीगत, १० वटा कृषि टनेल निर्माणको लागि २५ प्रतिशत कृषक सहभागिता तथा ७५ प्रतिशत पालिकाको अनुदान हुने गरी सम्झौता पत्रमा कृषकले पुनः एडभान्स कृषि सोलुशन प्रा.लि.सँग सम्झौता पत्र गरी १० वटा टनेल निर्माण कार्यको लागि कार्यको बील भरपाई तथा सम्पन्न प्रतिवेदन पेश गरे पश्चात जम्मा रु. १५,००,००० भुक्तानी भएकोमा सो कार्यको लागत अनुमान पेश भएको पाइएन।</td><td></td></tr>
<tr><td>२८.३</td><td></td><td></td><td>कृषि सहकारी व्याजः पालिकाले देहाय बमोजिम ५ प्रतिशत व्याज छनौट भएका कृषि सहकारी संस्थालाई निजले लगानी गरेको रकमको व्याज पालिकाबाट कार्यविधि बनाई सम्झौताको आधारमा देहाय बमोजिम ब्याज भुक्तानी गरेको छः

| **भौ.नं.र मिति** | **लगानी रकम रु.** | **व्याज रकम रु.** | **छनौटमा परेका संख्या** | **कैफियत** |
|---|---|---|---|---|
| कृषि चालु | | | | |
| ४४।०७८।१०।१७ | १०१००००० | ७७१२९ | ३२ | वडा नं. २ का साना किसान सहकारी संस्था |
| ६१।०७९।१।१९ | १६७००००० | १४५०१८ | ६५ | |
| जम्मा | | २२२१४७ | | |

</td><td></td></tr>
<tr><td>२८.४</td><td></td><td></td><td>नगरपालिका कृषि कार्यक्रमतर्फः कृषि कार्यक्रममा आय आर्जन वृद्धि तथा घरायसी समस्या समाधान गर्ने प्रयोजनार्थ पालिकाले देहाय बमोजिम वितरण गरेको भरपाई पेश गरेको उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, पालिकाले अनुगमन प्रतिवेदन पेश नगरेको र लाभग्राही परिवारको छनौट भएको आधार स्पष्ट नभएको, वस्तुमा लागेको ट्याग, तौल र गुणस्तर परीक्षण नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><th>भौ.नं. र मिति</th><th>संख्या</th><th>वडा नं.</th><th>लाभग्राही</th><th>खर्च रु.</th><th>कैफियत</th></tr><tr><td>१३९९।०७९।२।२५</td><td>२०</td><td>४</td><td>२०</td><td>१९८०००</td><td>बाख्रा</td></tr></table></td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>चालु खर्चतर्फ</td><td></td></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>महङ्गी भत्ताः करार कार्यविधि निर्देशिका अनुसार करारको कर्मचारीलाई निर्णय वा करार सम्झौतामा तोकिएको सेवा सुविधा भन्दा बढी सुविधा भुक्तानी गर्न मिल्दैंन । तथा अर्थ मन्त्रालयको च.नं. १७१९ मिति २०७९।१।२१ को पत्र तथा मिति २०७९।१।१५ को निर्णयले महंगी भत्ता नपाइने भनी उल्लेख भएको व्यहोरा अनुसार देहाय बमोजिम महङ्गी भत्ता वर्षभरी रु. १,४४,००० भुक्तान गरेको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.<table><tr><th>क्र.सं.</th><th>विवरण</th><th>महङ्गी भत्ताको दर</th><th>भुक्तानी महिना</th><th>जम्मा भुक्तानी रु.</th></tr><tr><td>१</td><td>विरेन्द्र चौधरी (खरिदार)</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr><tr><td>२</td><td>सिंगुराम थारु (अहेव)</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr><tr><td>३</td><td>सालिकराम थारु (भा.स.चा.)</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr><tr><td>४</td><td>कर्ण प्रसाद धमला (का.स.)</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr><tr><td>५</td><td>योगेन्द्र बहादुर मल्ल (स.ई.)</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr><tr><td>६</td><td>भिमराज बजगाई (का.स.)</td><td>२०००</td><td>१२</td><td>२४०००</td></tr><tr><td colspan="4">जम्मा</td><td>१,४४,०००</td></tr></table></td><td>१४४,०००</td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>छाडा चौपाया तथा काञ्जी हाउसः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा छाडा चौपाया व्यवस्थापन कार्यक्रममा हेरालु ज्याला, हेरालुलाई खाजा खर्च, पशु चौपायलाई पराल खरिद, गाई वस्तुको लागि औषधि खरिद तथा अन्य</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्यवस्थापनको लागि रु. ८,२८,००० खर्च गरेको छ। यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रुपमा विनियोजन गरिएको रकम स्वेच्छिक रुपमा ज्याला, औषधि, पराल खरिद तथा गाई व्यवस्थापनमा भएको छ। पालिका अन्तर्गत सञ्चालित काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन् । कर्मचारी नै राखि काञ्जि हाउस व्यवस्थापन गरेको भनि खर्च लेखेकोमा उक्त काञ्जि हाउसबाट संकलित पशु मल, दुधजन्य सामाग्री विक्रि गरि आय आर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिंदैन । अतः पालिकाबाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आय आर्जन गर्नेतर्फ जोड दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.३</td><td></td><td></td><td>स्रेस्ता पेश नभएको: सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि निमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ। खर्च भएको सबै रसिद बिल भरपाईहरुमा सिलसिलेबार नम्बर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको समानीकरण चालुको बैंक नगदी किताब अनुसार खर्च भएको तर गोश्वारा भौचर र सो खर्चलाई पुष्टयाई गर्ने रु. ८१,३७,७८७ कागजात पेश नभएकोले सम्बन्धितलाई जिम्मेवार बनाउँदै श्रेस्ता पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>प्रयोजन</th><th>रकम रु.</th></tr>
<tr><td colspan="4">नगरपालिका चालु</td></tr>
<tr><td>१६५।०७८।६।१९</td><td>टिकापुर अफसेट</td><td>सामाग्री खरि</td><td>१९४४०</td></tr>
<tr><td>२८५।०७८।७।११</td><td>वडा नं. १</td><td>बिभिन्न मेसिनरी सामाग्री खरिद</td><td>२८९८७९</td></tr>
<tr><td>७४८।०७८।१०।७</td><td>सिसिटिभि लगायतका विद्युतीय</td><td>सामाग्री खरिद</td><td>१७१९८०</td></tr>
<tr><td>११६१।०७८।१२।३०</td><td>देउगुनुवा मन्दिर संरक्षण समाज</td><td>देवुघर निर्माण उपभोक्ता समिति</td><td>१००००००</td></tr>
</table></td><td>८,१३७,७८७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १२३४।०७९।१।१९ | उपभोक्ता समितिलाई भुक्तानी | निर्माण | ५११२५९ |
| १२४१।०७९।१।२१ | उपभोक्ता समितिलाई भुक्तानी | अन्तिम भुक्तानी | २५००० |
| १५५३।०७९।३।२० | लम्कि मिडिया सेन्टर | सूचना प्रकाशन तथा प्रशारण | ७९२०० |
| १५५४।०७९।३।२० | घरभाडा | रकम | १८६०२४ |
| १५७४।०७९।३।२१ | खादा तथा दोसल्ला खरीद | सामाग्री खरिद | २०२५५ |
| १५९६।०७९।३।२३ | वडा नं. ४ | फर्निचर खरिद | १६५०० |
| १६०७।०७९।३।२४ | संघीय सरकार | भौ.नं. १८८ सँग सम्बन्धित | ५०००० |
| १६१२।०७९।३।२४ | विविध खर्च | रकम भुक्तानी | ८८२५० |
| स्वास्थ्य चालु | | | |
| ९५।०७९।३।२२ | लम्कीचुहा अस्पताललाई अनुदान | पेश्की फर्छ्यौट | ६५००००० |
| जम्मा | | | ८१,३७,७८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.४ | | | **अनुगमन भत्ताः-** पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । त्यस्तै कर्मचारीलाई पनि कार्यालयको कामको सिलसिला कार्यालय बाहिर जानु परेमा भ्रमण आदेश स्वीकृत गरि जानु पर्ने र सोहि अनुसार भ्रमण भत्ता उपलब्ध गराउनु पर्दछ । पालिकाले ऐनमा व्यवस्था पनि नभएको तथा सबैलाई कार्यक्रम अनुगमन गरेको भनि अनुगमन भत्ता बापत रु. ९,०१,०२५ भुक्तानी गरेको छ। ऐनमा भएको व्यवस्था विपरित भुक्तानी भएको अनुगमन भत्तालाई नियमसम्मत मान्न नसकिएको रु. | ९०१,०२५ |

| भौ नं.र मिति | कार्यक्रम | कार्यक्रम गर्ने | भुक्तानी लिने | रकम रु. |
|---|---|---|---|---|
| नगरपालिका चालु | | | | |
| ९५१।०७८।११।१९ | भूमि सम्बन्धी लगत संकलन कार्यमा सहजीकरण तथा स्थलगत अनुगमन भत्ता | वडा नं. ८ | पालिकाका ७ जना पदाधिकारीहरु २४ दिनको | १६८००० |
| | | वडा नं. १० | पालिकाका ९ पदाधिकारीहरु २५ दिनको | २२५००० |
| १३२८।०७९।२।११ | भूमिहिन, सुकुम्वासी तथा अव्यस्थित बसोवासको व्यवस्थापन कार्यमा सहजीकरण तथा स्थलगत अनुगमन भत्ता | | पालिकाका १० जना कर्मचारी तथा पदाधिकारीहरु ३४ दिनसम्मको | २६७००० |
| कृषि चालु | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५।०७८।९।१४</td><td>कृषि सम्बन्धी कार्यक्रम</td><td></td><td>पालिकाका १२ पदाधिकारी तथा कर्मचारी ११ दिनसम्मको</td><td>६९०००</td></tr>
<tr><td>७९।०७९।३।२</td><td>कृषि सम्बन्धी कार्यक्रम</td><td></td><td>पालिकाका ८ जना कर्मचारीहरु ३० दिनसम्मको</td><td>१७२०२५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९,०१,०२५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.५</td><td></td><td></td><td>सम्झौता भन्दा बढी रकम भुक्तानीः करार कार्यविधि निर्देशिका अनुसार करारको सम्झौतामा तोकिएको सेवा सुबिधा भन्दा बढी सुबिधा भुक्तानी गर्न मिल्दैंन । यसरी पालिकाले घरभाडा लगायतका बील भुक्तानी सम्झौतामा नतोकिएको विद्युत बिल, मर्मत खर्च र अन्य खर्च गरी घरधनी धर्मराज ओलीलाई रु. ५२,२१९ घरभाडा बाहेकको रकम सम्झौता भन्दा बढी तथा सम्झौतामा उल्लेख नभएको रकम भुक्तानी दिएको सम्बन्धित घरधनीबाट असूल हुनुपर्ने रु.</td><td>५२,२१९</td></tr>
<tr><td>२९.६</td><td></td><td></td><td>सवारी भाडाः सवारी भाडाको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रत्येक वर्ष प्रकाशन गरेको जिल्ला दररेटको आधारमा दरी तय गरी हुनुपर्नेमा पालिकाले बिभिन्न कार्यालय प्रयोजन तथा अन्य प्रयोजन भनी सवारी भाडा बापत रु. १०,७५,२०० भुक्तानी गरेको देखियो । सवारी भाडाको सम्झौता गर्दा जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा मात्र लिई सवारी भाडामा लिँदा कार्यालयमा रहेको सवारी साधनको प्रयोग गरी मितव्ययी रुपमा सवारी भाडामा लिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९.७</td><td></td><td></td><td>बील भरपाई बेगर भुक्तानीः सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा खर्चका बील भरपाई, प्रमाण तथा अन्य कागजात समेत नराखी भुक्तानी दिएको रु. १,९३,००० अनियमित देखिएको रु.
<table>
<tr><th>क्र. सं.</th><th>भौ.नं.र मिति</th><th>नाम</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
</table>
</td><td>१९३,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | | |
|---|---|---|---|---|---|
| १ | १६४०।०७९।३।२५ | शेर बहादुर चलाउने | सिचाई कार्यक्रम बोरिङ्ग जडान | १,९३,००० | खर्चको बील भरपाई पेश नगरी भुक्तानी लिएको । |

</td><td></td></tr>
<tr><td>२९.८</td><td></td><td></td><td>

**तालिम कार्यक्रम सञ्चालनः**अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को (आठौं संस्करण) को बुँदा नं. ७.१.१५ अनुसार तालीम तथा कार्यक्रम गर्दा लाग्ने खर्चको अनुसूची तथा विवरण अनुसार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको बमोजिमको कार्यक्रम तथा तालीम गर्दा निर्देशिकामा भएको व्यवस्था बमोजिमको खर्च गरिने लागत अनुमान सहितको नर्मस तयार नगरी बिभिन्न संस्थासँग कोटेशनमा माग तथा सम्झौताको आधारमा तालीम तथा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस्तो तालीम वा कार्यक्रम निर्देशिका अनुसारको लागत अनुमान सहितको नर्मस जिम्मेवार व्यक्तिबाट स्वीकृत गराई मात्र खर्च गर्नु पर्दछ ।

| क्र.सं. | भौ.नं.र मिति | संस्थाको नाम | तालीम वा कार्यक्रमको नाम | खर्च रु. |
|---|---|---|---|---|
| १ | ४२२।०७८।८।१२ | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, नेपाल | पलम्बर तालीम सञ्चालन | १५०००० |
| २ | ९९९।०७८।१२।३ | ब्रिटिश टेक्निकल इन्स्टिच्युट प्रा.लि. | तरकारी तथा च्याउ खेती सम्बन्धी तालीम कार्यक्रम | २००००० |
| ३ | १००१।०७८।१२।३ | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, नेपाल | प्लम्बर सम्बन्धी तालीम | ३५०००० |
| ४ | १०१७।०७८।१२।८ | महुन्याल एजुकेशन एण्ड | चुरा बनाउने तालीम | १००००० |

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | टेक्निकल इन्स्टिच्युट प्रा.लि. | | |
| ५ | १०५६।०७८।१२।१३ | राइजिङ्ग स्टार तालीम केन्द्र | ३ दिने आयकर सम्बन्धी तालीम सञ्चालन | ३०००००० |
| ६ | ११७८।०७९।१।५ | ब्रिटिश टेक्निकल इन्स्टिच्युट प्रा.लि. | तरकारी तथा च्याउ खेती सम्बन्धी तालीम कार्यक्रम | ३०००००० |
| ७ | ११७९।०७९।१।५ | खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, नेपाल | प्लम्बर सम्बन्धी २ महिने तालीम कार्यक्रम | १५०००० |
| ८ | १३४३।०७९।२।१२ | खसड तालीम तथा रोजगार मल्टिप्रपोज प्रा.लि. | मखमलको जुता बनाउने तालीम | ४९९९०० |
| ९ | १४४६।०७९।३।१ | राइजिङ्ग तालीम केन्द्र | महिला शसक्तिकरण तालीम | ४९९००० |
| १० | १५३२।०७९।३।१९ | महिला विकास संजाल | लैङ्गिक उत्तरदायी तथा कानूनी परामर्श सम्बन्धी ५ दिने तालीम | ४१५००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>१५८२।०७९।३।२२</td><td>प्राकृतिक स्रोत रुपान्तरण केन्द्र नेपाल</td><td>स्वास्थ्य स्वयंसेविकाहरुलाई कानूनी परामर्श तालीम</td><td>३५३८५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.९</td><td></td><td></td><td>पारिश्रमिक करः- आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगारीबाट प्राप्त आयको गणना गर्दा नेपालमा श्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमको दरले करकट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले देहाय बमोजिमका कर्मचारीले रु. ४५,६६३ पारिश्रमिक कर कट्टि नगरेकोले सो कर रकम सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>तिर्नुपर्ने कर रु.</td><td>कैफियत</td></tr>
<tr><td colspan="4">नगरपालिका चालु</td></tr>
<tr><td>१</td><td>राजाराम भाट</td><td>४३१३</td><td rowspan="3">भौ.नं. ११५४ सँग सम्बन्धित</td></tr>
<tr><td>२</td><td>बद्रि पंगेनी</td><td>१०३५०</td></tr>
<tr><td>३</td><td>दिनेश बजगाई</td><td>६०००</td></tr>
<tr><td colspan="4">कर्मचारी कल्याण कोष</td></tr>
<tr><td>४</td><td>खुशीराम थारु</td><td>२५०००</td><td>भौ.नं. २ सँग सम्बन्धित</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४५,६६३</td><td></td></tr>
</table>
</td><td>४५,६६३</td></tr>
<tr><td>२९.१०</td><td></td><td></td><td>नपुग करः आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ अनुसार भाडामा १० तथा अन्य बीलको भुक्तानीमा १.५ प्रतिशतको दरले कर लाग्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिमको भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टी गरेको नदेखिएकाले सम्बन्धितबाट रु. १,४७,१८३ असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१४७,१८३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम रु.</th></tr>
<tr><td colspan="5">नगरपालिका चालु</td></tr>
<tr><td>११८।०७८।७।१४</td><td>कोठाभाडा (होटल बाटिका)</td><td>१,२४,५००</td><td>१०</td><td>१२४५०</td></tr>
<tr><td colspan="5">कृषि चालु</td></tr>
<tr><td>२६।०७८।८।२३</td><td>गहुँको ५० प्रतिशत अनुदान</td><td>४६२००००</td><td>१.५</td><td>६९३००</td></tr>
<tr><td colspan="5">कृषि पूँजीगत</td></tr>
<tr><td>८।०७९।२।२५</td><td>धानको ५० प्रतिशत अनुदान</td><td>४३६२२०४</td><td>१.५</td><td>६५४३३</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१,४७,१८३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.११</td><td></td><td></td><td>ढुवानी करः- आयकर ऐन, २०५८ को दफा ८७ र ८८ अनुसार ढुवानीमा १० प्रतिशतको कर लाग्ने व्यवस्था छ । देहाय अनुसारको ढुवानी कर नपुग भएको रकम रु. १०,१५१ असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>जम्मा करयोग्य आय</th><th>तिरेको कर</th><th>नपुग कर रु.</th></tr>
<tr><td>१</td><td>पदम कुमार चौधरी</td><td>१३५३४०</td><td>३३८४</td><td>१०,१५१</td></tr>
</table>
</td><td>१०,१५१</td></tr>
<tr><td>२९.१२</td><td></td><td></td><td>बढी भुक्तानीः सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको रु. १,१६,२३८ बील भरपाई तथा डोर हाजिरी पेश गरेको नपाइएकोले उक्त रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>बढी भुक्तानी रु.</th><th>कैफियत</th></tr>
</table>
</td><td>११६,२३८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३३४।०७८।७।१७</td><td>एफ.एम. रेडस्टार ९५.३</td><td>६००००</td><td>रु. ५००० को बील पेश गरी रु. ६५००० को भुक्तानी लिएको ।</td></tr>
<tr><td>६०१।०७८।९।१८</td><td>नयाँराम टमट्टा</td><td>१८८५०</td><td>२९ दिनको रु. ६५० को दरले बढी भुक्तानी लिएको ।</td></tr>
<tr><td rowspan="2">१०८४।०७८।१२।१४</td><td>नयाँराम टमट्टा</td><td>१८०८३</td><td rowspan="2">डोर हाजिर पेश नगरी भुक्तानी लिएको ।</td></tr>
<tr><td>धनीराम जैसी</td><td>१९३०५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१,१६,२३८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२९.१३</td><td></td><td></td><td>
गत वर्षको भुक्तानीः- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२ (घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. ५६,७९,४९९ भुक्तानी दिएको छ । तसर्थ, यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>८।०७८।५।१५</td><td>वडा नं. ५ को विविध खर्च</td><td>२२०२८७</td></tr>
<tr><td>२</td><td>१५।०७८।५।१७</td><td>वडा नं. ५ सामूदायिक स्वास्थ्य अस्थायी ज्यालादारी शुल्क</td><td>२१२२८०</td></tr>
<tr><td>३</td><td>९।०७८।५।१६</td><td>घर भाडा</td><td>१०००००</td></tr>
<tr><td>४</td><td>२४।०७८।५।२०</td><td>झोला खरीद</td><td>८५४३६</td></tr>
</table>
</td><td>५,६७९,४९९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>३२।०७८।५।२१</td><td>कोभिड १९ सम्बन्धी जानकारीमूलक सन्देश तथा विकास निर्माणसँग सम्बन्धि भिडियो डकुमेन्ट्री प्रशारण तथा निर्माण</td><td>५०००००</td></tr>
<tr><td>६</td><td>६७।०७८।६।४</td><td>घरभाडा</td><td>२०९०४४</td></tr>
<tr><td>७</td><td>७२।०६८।६।४</td><td>सूचना प्रसारण तथा छपाई</td><td>२०५०००</td></tr>
<tr><td>८</td><td>७४।०७८।६।४</td><td>सवारी मर्मत (नेपाल अटो ट्रेडर्स)</td><td>६२५२५०</td></tr>
<tr><td>९</td><td>८१।०७८।६।५</td><td>घरभाडा</td><td>१३६२१९</td></tr>
<tr><td>१०</td><td>८५।०७८।६।५</td><td>वडा नं. ५ को विविध खर्च</td><td>९८०००</td></tr>
<tr><td>११</td><td>८६।०७८।६।६</td><td>सवारी मर्मत (राधारामेश्वर अटोमेटिभ वर्कसप एण्ड स्पेयर आर्टस)</td><td>३१२३७०</td></tr>
<tr><td>१२</td><td>८७।०७८।६।६</td><td>वडा नं. १० को विविध खर्च</td><td>२२०४९१</td></tr>
<tr><td>१३</td><td>९०।०७८।६।६</td><td>मसलन्द तथा मर्मत</td><td>१९२८१३</td></tr>
<tr><td>१४</td><td>९५।०७८।६।७</td><td>सवारी मर्मत (दिपशिखा ट्रेडिङ्ग प्रा.लि.)</td><td>४४४५२०</td></tr>
<tr><td>१५</td><td>९६।०७८।६।७</td><td>मसलन्द तथा मर्मत</td><td>१७२५५०</td></tr>
<tr><td>१६</td><td>१८९।०७८।६।२०</td><td>घरभाडा</td><td>७००००</td></tr>
<tr><td>१७</td><td>२१२।०७८।७।३</td><td>बिविध खर्च (भूमि सम्बन्धी समस्या ईकाई)</td><td>३६०६१०</td></tr>
<tr><td>१८</td><td>२१४।०७८।७।३</td><td>सूचना प्रशारण तथा विज्ञापन (सामूदायिक रेडियो पश्चिम आवाज)</td><td>३१६५००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | |
|---|---|---|---|
| १९ | २४७।०७८।७।५ | जे.सि.बि. मर्मत | १९४२९५ |
| २० | २४८।०७८।७।५ | बिभिन्न सामाग्री खरिद | २६३८३४ |
| २१ | २७७।०७८।७।१० | नियमावली तथा कार्यविधि निर्माण सम्बन्धी परामर्श खर्च | ५००००० |
| २२ | ३६४।०७८।७।२९ | वडा नं. १ को लगत संकलन कार्यमा सहजीकरण कार्य बापतको खर्च | २४०००० |
| जम्मा | | | ५६,७९,४९९ |

</td><td></td></tr>
<tr><td>२९.१४</td><td></td><td></td><td>परामर्श सेवाः— सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिमको कार्य परामर्शदाताबाट गराएको छ । यस्तो कार्य गराउँदा लागत अनुमान बेगर नै सम्झौता गरी रु. ३४,९१,०७८ पालिकाले खर्च गरेको छ । यस्तो अवस्थामा परामर्शदाताको कार्यको प्रभावकारिता वारे यकीन गर्न सकिएन । परामर्श सेवा लिइएका योजनाहरुमा कार्यान्वयनमा गएको समेत नदेखिंदा खर्चको औचित्यता समेत स्पष्ट हुन सकेन ।</td><td></td></tr>
